# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश नेपाल

प.स. ०७७/०७८

च.न. २९२६

मिति २०७७।१२।१९

श्री कमल गाउपालिकास्थित सम्पुर्ण
सामुदायिक तथा संस्थागत विद्यालयहरु

विषय :– राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्वन्धमा ।

**प्रस्तुत विषयमा कमल गाउपालिकाको शिक्षा समितिको मिति २०७७।१२।०५ गते, साथै कमल गाउपालिकाका माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकज्यूहरुको मिति २०७७।१२।०६ गतेको निर्णय अनुसार मिति २०७७।१२।१९ देखि २१ सम्म संचालन हुने भनिएको तेह्रौं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता "विगत केहि दिनदेखी यता वायुमण्डलमा देखा परेको अस्वाभाविक वातावरणीय परिस्थितिका कारण विद्यार्थीको स्वास्थ्यमा पर्नसक्ने प्रतिकुल असरका " को सम्वन्धमा शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको प्रेश विज्ञप्तीका कारण स्थगन भई उक्त खेलकुद संचालन तथा व्यपस्थापन उपसमितिको मिति २०७७।१२।१७ गतेको निर्णयले मिति २०७७।१२।२९ देखी ३१ सम्म गर्ने भएकाले सो सम्वन्धमा आ–आफ्ना विद्यालयका विद्यार्थीहरुलाई तपशिलको नियमानुसार सहभागि गराउन जानकारी गराईन्छ ।**

तपशिल :–

१. सहभागि खेलाडी चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म अध्ययनरत १८ वर्ष ननाघेको हुनुपर्ने छ । ( जन्म मिति २०५९ साल चैत्र २९ र सो भन्दापछी जन्म भएका विद्यार्थीहरुमात्र खेलमा सहभागि हुन पाउनेछन् ।)

२. टिम गेम भन्नाले भलिवल , कबड्डी र रिले दौडलाई संझनु पर्दछ भने टिम गेमको हकमा प्रत्येक विद्यालयले प्रत्येक इभेन्ट्समा एउटामात्र टिम सहभागि गराउन पाउने छ ।

३. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयहरुले रिले खेलका हकमा छात्र तथा छात्रा रिलेको प्रत्येक इभेन्टमा १/१ समुहमात्र र अन्य प्रत्येक इभेन्टमा वढीमा १ जना छात्र १ जना छात्रा खेलाडीहरुलाई सहभागि गराउन सकिने छ । तर प्रत्येक खेलाडीले वढीमा १ फिल्ड २ ट्रयाक वा २ फिल्ड ट्रयाक १ ट्रयाकमा भाग लिन पाउनेछन् ।

४. प्रत्येक विद्यालयले भलिवल खेल र कबड्डी खेलतर्फ वढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्रा पठाउन सकिने छ ।

५. मार्सल आर्ट खेलमा कराते वाहेक तेक्वान्दो र उसु खेलका सहभागि विद्यार्थीहरु विद्यालयमै छनौंट गरि सिफारिस गर्नु पर्नेछ ।

६. सहभागि हुने खेलाडी विद्यार्थीहरुको उमेरका हकमा जन्म दर्ता वा कक्षा ८ को लव्धाङ्क पत्रको प्र.अ. द्वारा प्रमाणित प्रतिलिपी संलग्न गरी यसैसाथ संलग्न फारम भरी २०७७।१२।२५ गतेभित्रमा खेलकुद सचिवालय श्री शहिद धर्मधक्त मा.वि. कमल ३ केर्खामा सो दिनको १:०० भित्र वुझाईसक्नुपर्ने छ ।
(सम्पर्क व्यक्ति :– मधुशुदन अधिकारी सम्पर्क नं.९८४२६२०४५४)

७. राष्ट्रपति रनिङ्ग शिल्डमा विजेता विद्यार्थीहरुलाई मेडल तथा प्रमाण पत्रको व्यवस्था गरिएको छ । तर भलिवल र कबड्डी खेलमा विजेता विद्यालयलाई समेत प्रमाण तथा ट्रफी प्रदान गरिनेछ ।

८. खेलमा उत्कृष्ट खेलाडीहरुलाई वेष्ट प्लेयरको रुपमा ट्रफी तथा प्रमाण पत्रद्वारा सम्मान गरिनेछ ।

९. सवैभन्दा वढी स्वर्ण पदक विजेता विद्यालयलाई रनिङ्ग शिल्ड प्रदान गरिने छ ।

०७७।१२।१९

सूर्यप्रसाद न्यौपाने
शाखा अधिकृत
अधिकृतस्तर आठौं

अधिकृत स्तर (आठौं)

"सक्षम निजामति प्रशासन: विकास, समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email:info@kamalmun.gov.np, Website: kamalmun.gov.np फोन नं. ०२३ ५७५०११ ०२३ ५७५०४१